वर्ष ९, अंक ५, भाद्र

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ।।

# अपराध अनुसन्धान मासिक ई-बुलेटीन







नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

CRIME INVESTIGATION DEPARTMENT
CID
CREDIBILITY • DILIGENCE • INTEGRITY
NEPAL POLICE

## नेपाल प्रहरी प्रधान कार्यालय,

### अपराध अनुसन्धान विभाग

नक्साल काठमाण्डौ

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ - ११ |
| प्रहरी सेवा प्रवाह | १२ - १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १७ - १८ |
| अपराध समाचार | १९ - २४ |
| उत्कृष्ट अनुसन्धान | २५ |
| सम्पादक मण्डल | २६ |

# विभागीय गतिविधिहरु

## (OPCR) CRS System सम्बन्धी Virtual Meeting सम्पन्न



*काठमाण्डौ, ५ भदौ*

मिति २०८३।०५।०५ गते नेपाल प्रहरीका मुद्दा चल्ने सबै प्रहरी कार्यालयहरू २३१ वटै युनिटलाई लक्षित गरी Online Police Clearance Registration (OPCR) System, CRS, अपराध अभिलेखमा प्रयोग हुने “अपराध शीर्षक” तथा अपराध अनुसन्धान सम्बन्धित समसामयिक विषयमा True Conf भर्चुअल माध्यमद्वारा बसेको बैठकमा मातहतसंग कार्यसम्पादनको क्रममा व्यहोर्नु परेको असहजता, समस्याहरू समाधान गर्ने उद्देश्यले अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त Virtual Meeting मा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू र प्रहरी नायव उपरीक्षकज्यूहरू को उपस्थिति रहेको थियो ।

## मिसनमा खटी जान लाग्नु भएका प्रहरी अधिकृतहरूको विदाइ सम्पन्न



*काठमाण्डौ, ५ भदौ*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ 25 August 2026 देखि UNMISS मिसनमा खटि जान लाग्नु भएका ४ जना प्रहरी अधिकृतज्यूहरू प्रहरी नायव उपरीक्षक उमेश जोशी, प्रहरी नायव उपरीक्षक सरोज गिरी, प्रहरी निरीक्षक प्रकाश राउत र प्रहरी वरिष्ठ नायव निरीक्षक रामेश्वर खड्का ज्यूलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूद्वारा विदाई कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृतज्यूहरू एवं सकल दर्जा प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति ओमानबाट पक्राउ




*काठमाडौं, ८ भदौ*

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी झापा बिर्तामोड नगरपालिका-३ ठेगाना भएका बिमल राजवंशी पक्राउ परेका छन् । एनसिबि मस्कट ओमानको समन्वयमा ओमानमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८३ वैशाख ३० गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसुर बमोजिम कानुनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा बुझाइने नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## Crime & Criminal Information System तालिम सम्पन्न



*काठमाडौं, १०भदौ*

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्त्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।०५।१० गते देखि मिति २०८३।०६।०२ गतेसम्म सञ्चालित CCIS (Crime & Criminal Information System) विषयक ४० औं समूहको १६ कार्य दिनको तालिम सम्पन्न भयो।

उक्त तालिममा प्रहरी नायव निरीक्षक १ जना, प्रहरी सहायक निरीक्षक १ जना, प्रहरी वरिष्ठ हवल्दार १ जना, प्रहरी हवल्दार २ जना, प्रहरी सहायक हवल्दार ११ जना र प्रहरी जवान १९ जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । तालिम सफलतापूर्वक सम्पन्न गरेका सहभागीहरूलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई तथा प्रमाणपत्र वितरण गर्नुहुँदै प्रशिक्षार्थीहरूले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

## DNA प्रतिनिधीहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न



*काठमाण्डौ, २६ भदौ*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. ज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।५।२६ गते भोटेकोशी नदीमा आएको भदौ १० गते विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा ज्यान गुमाएका मृतकहरूको पहिचानको लागि संकलित DNA नमूनाहरूको शीघ्र परीक्षण प्रयोजनार्थ, Indian, Chinese DNA विज्ञ प्रतिनिधीहरू, नेपालको NFSL (National Forensic Science Laboratory) र NPCFSL (Nepal Police Central Forensic Science Laboratory) विशेषज्ञ सहितको प्रतिनिधीहरु बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृत एवं सकल दर्जा प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

## अवलोकन तथा निरीक्षण कार्यक्रम सम्पन्न



*काठमाण्डौ, २८ भदौ*

मिति २०८३।५।२८ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. ज्यूबाट भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा ज्यान गुमाएका मृत्तकहरुको DNA नमुना संकलन र परीक्षण भइरहेको कार्यस्थल नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुसीको अवलोकन तथा निरीक्षण गर्नुभएको थियो।

## रसुवा बाढी : प्रहरी अतिरिक्त महानिरीक्षकको समन्वयमा उद्दार, अनुगमन तथा सुपरिवेक्षण टोली परिचालन









*काठमाडौं, १४ भदौ*

भोटेकोशीमा आएको बाढीका कारण रसुवाको तल्लो तटीय क्षेत्र हुँदै नुवाकोट, धादिङ र चितवन लगायतका विभिन्न जिल्लाहरूमा प्रभावमा परेको अवस्थामा नेपाल प्रहरीले तत्काल उद्दार तथा खोजी कार्यलाई प्राथमिकतामा राखेर जनशक्ति परिचालन गरेको थियो । बाढी प्रभावित क्षेत्रमा आवश्यक घाईतेलाई उद्दार मानवीय तथा भौतिक क्षतिको मूल्यांकन, राहत वितरण, शव व्यवस्थापन, मुचुल्का लेखन तथा कानुनी सहायता एवम् प्रभावकारी समन्वयको लागि प्रहरी अतिरिक्त महानिरीक्षक डा.मनोज कुमार के.सी. ज्युको संयोजकत्वमा विभिन्न टोली परिचालन सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो।

यसैगरी प्रहरी नायव महानिरीक्षक ओम बहादुर रानाज्यूको कमाण्डमा रहेको शिक्षण अस्पताल महाराजगंजको कमाण्ड पोष्ट मार्फत विभिन्न अस्पतालहरूसँगको समन्वयमा घाइतेहरूको उद्दार, उपचार र शव व्यवस्थापन कार्य भइरहेको थियो।

रसुवा जिल्ला लगायत विभिन्न स्थानमा भएको घटनाको समग्र गतिविधि लगायत वस्तुस्थिती सम्बन्धमा जाहेर गर्न आपतकालीन समन्वय केन्द्र स्थापनार्थ नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको पुस्तकालय हलमा वेश रहने गरी प्रहरी वरिष्ठ उपरीक्षकद्धय नान्तिराज गुरुङ र कृष्ण प्रसाद पंगेनी ज्युको कमाण्डमा टोली गठन भई पंगेनी ज्युको कमाण्डमा ४ जनाको टोली कानुनी सहायताको लागि परिचालन गरिएको थियो।

यसैगरी प्रहरी वरिष्ठ उपरीक्षक योग बहादुर पालको संयोजकत्वमा ६ जनाको टोली शव व्यवस्थापनको लागि परिचालन गरिएको थियो। यसैगरी १२ जनाको टोलीलाई नुवाकोटतर्फ र ९ जनाको टोलीलाई चितवनतर्फ घटना सम्बन्धी मुचुल्का तयार गर्न परिचालन गरिएको थियो। शव संकलन पहिचान र व्यवस्थापनका लागि विशेष टोली परिचालन गरिएको छ। पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ (पहिलो संशोधन, २०८३) बमोजिम स्थानीय तहसँग आवश्यक समन्वय गरी कार्य गरिरहेको छ। साथै फेला परेका शवहरूको सनाखतको लागि शवहरूको तस्विर ट्याग सहित नेपाल प्रहरीको वेबसाइट www.nepalpolice.gov.np मा राखिएको छ।

# अपराध तथ्याङ्क

**उपत्यका र प्रदेशगत पाँच आ.व.को मुद्दा दर्ता र फछ्र्यौट संख्या**
**(आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)**



## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता तथ्याङ्क




## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या ( असार - भदौ)



## उपत्यका र प्रदेश शिर्षक अनुसारको मासिक (भदौ) मुद्दा दर्ता संख्या




## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक (भदौ) तथ्याङ्क



## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता तथ्याङ्क




## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता संख्या




## सम्पत्ति शुद्धिकरणको उपत्यका र प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता संख्या



## २०८३ साल भदौ महिनाको कूल घरेलु हिंसा सम्बन्धी विवरण




## २०८३ साल भदौ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्त पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/ब्यूरोको नाम | पक्राउ संख्या | कैद | असुल जरिवाना (.रु) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३५२ | ९९ वर्ष ०४ महिना २२ दिन | २४८३४७६३ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३२४ | २३३ वर्ष ०५ महिना ०६ दिन | १४१९४०५९ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५४४ | २०५ वर्ष ०८ महिना २२ दिन | २४१७०२२४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १९६ | ९५ वर्ष ०८ महिना ०५ दिन | ९२५३६८३ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ११३ | ६० वर्ष ०३ महिना १३ दिन | ३०१३२०३ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३४९ | १०७ वर्ष ०१ महिना ०८ दिन | १८०३७१५९ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३८ | १२ वर्ष ०६ महिना ० दिन | ७००४३१ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ९६ | ६० वर्ष ०५ महिना ०९ दिन | १४३३८२१ |
| ९. | केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट | १७ | २१ वर्ष ०२ महिना १९ दिन | ३०३९३२९१ |
| जम्मा | | २०२९ जना | ८९५ वर्ष ०९ महिना १४ दिन | रु१२.,६०,३०,६३४।- |

## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (भदौ) मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक (भदौ) तथ्याङ्क



मासिक ई-बुलेटिन

## साइबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक (भदौ) उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ



## २०८३ साल भदौ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या




## २०८३ साल भदौ महिनामा चालचलन शाखाको प्रगति विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १५०८२५ | ११६३९६ |
| २ | तालुक गृह मन्त्रालयबाट आपराधिक अभिलेख चेकजाँचको लागि प्राप्त विदेशी तथा नेपाली नागरिकहरू | ६ | ६ |
| ३ | अध्यागमन विभागबाट कार्य सहमति शाखा | ३९ | ३९ |
| ४ | नागरिक उड्डयन प्राधिकरण | ५ | ५ |
| ५ | राजदुतावासहरूबाट प्राप्त (अपराधिक अभिलेख) | १८ | १८ |
| ६ | औंठाछाप प्रमाणीकरण | ४९ | ४९ |
| ८ | अन्य | २० | २० |
| जम्मा | | १५०९६२ | ११६५३३ |

## सामुदायिक प्रहरी गतिविधि

२०८३ साल भदौ महिनामा सामुदायिक प्रहरी शाखा अन्तर्गत गठित समिति र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गतका कार्यक्रम गतिविधिहरू :

गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ अन्तर्गत कार्यक्रमहरू



# आसरा सुधार केन्द्र रानीवारी

## २०८३ साल भदौ महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या




# आसरा सुधार केन्द्र पानवारी, धरान-सुनसरी

## २०८३ साल भदौ महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या



# आसरा सुधार केन्द्र फुलबारी धनगढी कैलाली

## २०८३ साल भदौ महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या




## २०८३ साल भदौ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरूको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिक मृत्यु | ७ जना |
| २. | विदेशी नागरिक पक्राउ | ३९ जना |
| ३. | हराएका विदेशी नागरिक | ६०८ जना |
| ४. | उद्दार गरिएका विदेशी नागरिक | ३१० जना |
| ५. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकको विवरण | २७,२३७ जना |
| ६. | विदेशी नागरिक पक्राउ गरी थप कारबाहीका लागि अध्यागमन कार्यालय पठाइएका | ५ जना |

# खोजतलास तथा समन्वय

## २०८३ साल भदौ महिनामा हराएका, फेला परेका तथा खोजतलास भइरहेका बालबालिकाहरूको विवरण




## २०८३ साल भदौ महिनामा बेवारिसे फेला परेका, पारिवारिक पुनर्मिलन एवं बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण



# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab)

❖ Digital Forensic Lab बाट २०८३ सालको भाद्र महिनामा विभिन्न १३ वटा मुद्दा शीर्षक (अभौतिक मुद्रा, आत्महत्या दुरुत्साहन, झुन्डी मृत्यु, मानव बेचबिखन, विद्युतीय कारोबार ऐन अन्तर्गतको कसूर, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, महिला तथा बालबालिका सम्बन्धी कसूर, बैकिङ कसूर, अनलाइन ठगी, लागू औषध) अन्तर्गत १४६ वटा मुद्दाको ९०७ वटा सबुतहरू परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ भदौ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी एकाइहरू तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरूबाट माग भई आएका Operational Data दूरसंचार सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी निम्नानुसारको संख्यामा उपलब्ध गराएको।



## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८३/०५/०१ गतेदेखि २०८३/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ५१५ केशहरुको ३४८८ नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी ३८३ केशहरुको १९६८ नमूनाहरु परीक्षण गरिएकोमा ६१९५ केशहरुको २५९०१ नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८३/०५/०१ गतेदेखि २०८३/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि २४० केशहरुको ९३६ नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी २३७ केशहरुको ७८१ नमूनाहरु परीक्षण गरिएकोमा ३८२ केशहरुको १५०१ नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८३/०५/०१ गतेदेखि २०८३/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ८२ केशहरुको २४० नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी ५२ केशहरुको १३६ नमूनाहरु परीक्षण गरिएकोमा २२५ केशहरुको ६६४ नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, हेटौंडा, मकवानपुरबाट २०८३/०५/०१ गतेदेखि २०८३/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि १३ केशहरुको ५० नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी ०४ केशहरुको ०९ नमूनाहरु परीक्षण गरिएकोमा ०९ केशहरुको ४१ नमुनाहरु पेण्डिङ रहेको।

## नेपाल प्रहरी केनाईन (K9) कार्यालय, महाराजगञ्ज

### २०८३ साल भदौ महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ५ भदौ*

काठमाडौं महानगरपालिका-१० शंखमुल भ्याली ब्वाईज होस्टलमा बस्ने दाङ घोराही उपमहानगरपालिका-१७ घर भएका २२ वर्षीय बसन्त कालाथोकीको हत्या गरेको अभियोगमा सोही होस्टलमा बस्ने बारा कलैया उपमहानगरपालिका-३ घर भएका १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ।

सोही होस्टलमा १८ वर्षीय किशोर र २० वर्षीय प्रमित पटेलले कुटपिट तथा धारिलो हतियार प्रहार गर्दा गम्भीर घाइते भएका बसन्तको मीनभवनस्थित निजामती कर्मचारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त नयाँ वानेश्वरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रहरीले थप अनुसन्धानको लागि ५ जनालाई नियन्त्रणमा लिई हाल फरार प्रमितको खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा पाँच जना पक्राउ

*कैलाली, ११ भदौ*

लम्कीचुहा नगरपालिका-४ बस्ने ३३ वर्षीय दिपक सुनारको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा लम्कीचुहा नगरपालिका-४ बस्ने ३२ वर्षीया यमुना सुनार, सोही नगरपालिका-१० बस्ने ४१ वर्षीय दुर्योधन सुवर्णकार, टीकापुर नगरपालिका-३ बस्ने ३२ राम राजेश महतो, कञ्चनपुर बेलौरी नगरपालिका-९ बस्ने ५६ वर्षीय बिरेन्द्र राना र सोही नगरपालिका-८ बस्ने ३२ वर्षीय भिमा राना रहेका छन्। जिल्ला प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई कैलाली र कञ्चनपुरका विभिन्न स्थानबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा दिपकको श्रीमती यमुना सुनारले प्रेमीसँग मिलेमतो गरी हत्या गर्ने योजना बनाई अमरावती जंगलमा हत्या गरी कर्णाली नदीमा फालेको भन्ने खुल्न आएको छ। उनीहरू उपर जिल्ला अदालत कैलालीबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*नवलपरासी पूर्व, ३० भदौ*

आफ्नै श्रीमती ४० वर्षीया उनिमाया विकको हत्या गरेको अभियोगमा विनय त्रिवेणी गाउँपालिका-३ चिसापानी बस्ने ४३ वर्षीय शेर बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ। शेर बहादुरले धारिलो हतियार खुर्पा प्रहार गर्दा उनिमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दुम्किबास समेतबाट खटिएको प्रहरीले शेर बहादुरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विदेशी मुद्रा सहित नेपाल वायुसेवा निगमका दुई जना कर्मचारीहरू पक्राउ

*काठमाडौं, १ भदौ*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय प्रस्थान ह्याण्ड व्यागेज चेकिङ एरियाबाट विदेशी मुद्रा सहित नेपाल वायुसेवा निगमका २ जना कर्मचारीहरूलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२६ गंगबु बस्ने ५४ वर्षीया जननी बज्राचार्य र गोरखा, गोरखा नगरपालिका-३ बस्ने ३५ वर्षीया ममता पाण्डे रहेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले नेपाल एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट क्वालालम्पुर जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा जननीको साथबाट अमेरिकी डलर ४ हजार ३ सय र मेलिसियन रिङ्गिट १२ हजार ३ सय ७२ तथा ममताको साथबाट अमेरिकी डलर ४ हजार २ सय र मेलिसियन रिङ्गिट १२ हजार ३ सय २८ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कानुनी कारबाहीको लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक ललितपुर पठाइएको छ।

### सुनको सिक्री लुटपाटमा संलग्न व्यक्तिहरू पक्राउ

*काठमाडौं, २ भदौ*

भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ लोकन्थलीका विभिन्न स्थानबाट सुनको सिक्री लुटपाट भएको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सुनको सिक्री लुटपाट गर्नेहरू काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने भोजपुर रामप्रसादराई गाउँपालिका-२ घर भएका ३२ वर्षीय योगेन्द्र तामाङ र काठमाडौं महानगरपालिका -३२ पेप्सिकोला बस्ने रामेछाप दोरम्बा गाउँपालिका-२ ढोईगाउँ घर भएका ३६ वर्षीय काले भन्ने देबेन्द्र थापा मगर तथा चोरी भएको सुन खरिद गर्नेहरू काठमाडौं महानगरपालिका-१८ नरदेवी बस्ने भोजपुर रामप्रसादराई गाउँपालिका-६ मालबासे घर भएका ४० वर्षीय मिलन विक र काठमाडौं महानगरपालिका -१८ भेडासिंह बस्ने भारत कलकत्ता वेष्ट बंगाल घर भएका ४० वर्षीय संजित साम्नत रहेका छन्।

भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ लोकन्थली बिग मार्ट नजिकमा गत असार २६ तथा लोकन्थली हनुमान चोकमा गत असार ३० गते मोटरसाइकलमा सवार अपरिचित २ जना व्यक्तिहरूले पैदल हिँडिरहेका महिला तथा जेष्ठ नागरिकहरूको घाँटीमा लगाएको सुनको सिक्री जबरजस्ती तानी फरार रहेको घटनाको अनुसन्धान गर्ने क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई उपत्यकाका विभिन्न स्थानहरूबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि प्रहरी वृत्त सातदोबाटो ललितपुर पठाइएको छ ।

## केवाईसी अपडेटको लागि बैंकबाट बोलेको भन्दै स्क्यामिङ गर्ने चार जना पक्राउ

*काठमाडौं, २ भदौ*

केवाईसी अपडेटको लागि बैंकबाट बोलेको भन्दै स्क्यामिङ गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बारा देउताल गाउँपालिका-४ बस्ने २२ वर्षीय अभय तिवारी, नवलपरासी पश्चिम रामग्राम नगरपालिका-१६ बस्ने २२ वर्षीय जय कुमार केवट, सोही नगरपालिका-१७ बस्ने २२ वर्षीय विद्या सागर केवट र पर्सा वीरगंज महानगरपालिका-३ बस्ने २७ वर्षीय कुवेर थापा रहेका छन् । बैंकबाट बोलेको हुँ केवाईसी अपडेट गर्नुपर्‍यो भन्दै पछिल्लो समयमा बहालवाला तथा सेवानिवृत्त कर्मचारीलाई लक्षित गरी फोन तथा ह्वाट्स एप कलमा स्क्रिन सेयर गर्न लगाई ओटिपि कोड प्राप्त गरी अथवा ओटिपि कोड माग गरी कर्मचारीहरूको खातामा पहुँच पुर्‍याई खातामा रहेको रकम अन्य खातामा रकमान्तर गरी ठगी गर्ने कार्यमा संलग्न उनीहरूलाई साइबर ब्यूरोबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय चितवनको समन्वयमा चितवनबाट पक्राउ गरेको हो । उनीहरू उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको अनधिकृत पहुँच र विद्युतीय माध्यम सम्बन्धी ठगी कसुर मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## धितोपत्र सम्बन्धी ऐन र बीमा ऐन सम्बन्धी कसुरमा संलग्न चार जना पक्राउ

*काठमाडौं, १० भदौ*

धितोपत्र सम्बन्धी ऐन र बीमा ऐन अन्तर्गतको कसुरमा संलग्न रही फरार रहेका ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने हिमालयन इन्भेष्टमेन्ट बैंक लिमिटेडका लगानी सदस्य ४२ वर्षीय सुभाष पौडेल, ललितपुर साबिक ललितपुर उपमहानगरपालिका-२ बस्ने क्रेष्ट माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडका संचालक ४१ वर्षीया सुनिता महर्जन, काठमाडौं महानगरपालिका-१६ बस्ने नेपाल माईक्रो इन्स्योरेन्स लिमिटेडका संचालक सदस्य ४५ वर्षीय अनुप मालाकार र काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका-८ घर भएका नेपाल माईक्रो इन्स्योरेन्स लिमिटेडका संचालक सदस्य ३९ वर्षीया सुनिता श्रेष्ठ रहेका छन् ।केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौंबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ मध्ये सुभाष धितोपत्र सम्बन्धी ऐन र बीमा ऐनमा, सुनिता महर्जन धितोपत्र सम्बन्धी ऐन तथा अनुप र सुनिता श्रेष्ठ बीमा ऐन सम्बन्धी कसुरमा संलग्न रही फरार रहेका थिए । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

## नक्कली टिकटक आइडी बनाई अनलाईन ठगीमा संलग्न तीन जना पक्राउ

*काठमाडौं ,२३ भदौ*

नक्कली टिकटक आइडी बनाई अनलाईन ठगीमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ललितपुर, ललितपुर महानगरपालिका-१७ ग्वार्को बस्ने सर्लाही लालबन्दी नगरपालिका-५ घर भएका २१ वर्षीय सन्दिप कुमार सिंह कुशवाह, सप्तरी राजविराज नगरपालिका-९ घर भएका २१ वर्षीय सुमित दास र काठमाडौं गोकर्णेश्वर नगरपालिका-७ बस्ने महोत्तरी गौशाला नगरपालिका-५ घर भएका २२ वर्षीय दिपुश सिंह रहेका छन् ।

उनीहरूले CERTIFIED EV SELLER प्रोफाइल नामको फेक टिकटकबाट सस्तो दरमा ईभी स्कुटर, मोटरसाइकलको विभिन्न पार्टसहरू घरमै पुर्‍याई दिने भनी विज्ञापन पोष्ट गरी अग्रिम भुक्तानीको लागि रकम पठाउन प्राप्त गरेको पश्चात सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सुन तथा चाँदीका गरगहना चोरी गर्ने तथा खरिद गर्ने चार जना पक्राउ

*काठमाडौं, २५ भदौ*

सुन तथा चाँदीका गरगहना चोरी गर्ने तथा खरिद गर्ने कार्यमा संलग्न रहेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ जडिबुटी बस्ने महोत्तरी गौशाला नगरपालिका-५ घर भएका २९ वर्षीया सावन कुशवाहा, तेहथुम आठराई गाउँपालिका-८ घर भएकी ३६ वर्षीया पबित्रा लिम्बु, दोलखा गौरीशंकर गाउँपालिका-५ घर भएका २५ वर्षीय श्रीकृष्ण विश्वकर्मा र काठमाडौ महानगरपालिका-३२ नेरफाँट बस्ने भोजपुर भोजपुर नगरपालिका-५ बोखिम घर भएका ४३ वर्षीया रमिला विक रहेका छन् । उनीहरू मध्ये उक्त गरगहना चोरी गर्ने सावन तथा गरगहना खरिद गर्ने पबित्रा, श्रीकृष्ण र रमिला रहेको खुल्न आएको छ ।

काठमाडौं महानगरपालिका-३२ नेरफाँटस्थित घरबाट गत साउन १८ गते सुन तथा चाँदीका गरगहनाहरू चोरी गरी फरार भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूको साथबाट सुन तथा चाँदीका विभिन्न गरगहना समेत बरामद गरेको छ । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

*काठमाडौं, ३१ भदौ*

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं टोखा नगरपालिका-५ बस्ने तेह्रथुम घर भएका ३५ वर्षीय नगेन्द्र भेटवाल, काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ बस्ने बर्दिया घर भएका ४४ वर्षीय समुन्द्र बहादुर थापा र कागेश्वरी मनोहरा नगरपालिका-७ बस्ने पाँचथर घर भएका ४४ वर्षीय कुमार खतिवडा रहेका छन् । पक्राउ मध्ये नगेन्द्रले जापान पठाइदिन्छु भन्दे १ जना पीडितबाट १० लाख रूपैयाँ, समुन्द्रले कम्बोडिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ७ लाख रूपैयाँ र कुमारले युएई पठाइदिन्छु भन्दे १ जना पीडितबाट १ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले नगेन्द्रलाई काठमाडौं टोखा नगरपालिका-५ बाट समुन्द्रलाई काठमाडौं कागेश्वर मनोहरा नगरपालिका-९ बाट र कुमारलाई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७ बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## विभिन्न धनमाल चोरी

*लमजुङ, ३१ भदौ*

बेसीशहर नगरपालिका-७ चण्डीडाँडा बस्ने ४९ वर्षीया गोमा घिमिरेको घरबाट करिब १४ तोला बराबरको सुनका विभिन्न गरगहना चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भन्सार छली गरी ल्याएको सुन सहित एक जना पक्राउ

*कैलाली, ३ भदौ*

धनगढी उपमहानगरपालिका-१ बाट भन्सार छली गरी ल्याएको ८१ ग्राम ८ सय ८० मिलिग्राम तौल बराबरको सुन जस्तो देखिने पदार्थ सहित बाँके नेपालगंज उपमहानगरपालिका-९ बस्ने ३६ वर्षीय दिपक गौरलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक कारबाहीको लागि कैलाली भन्सार कार्यालय त्रिनगरमा बुझाइएको छ ।

## नाबालिकाको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

काठमाडौं, ५ भदौ

नाबालिकाको चरित्र हत्या गर्ने कार्यमा संलग्न रहेको अभियोगमा नुवाकोट शिवपुरी गाउँपालिका-७ बस्ने १९ वर्षीय सुदिप कटुवाललाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जाल फेसबुकमा नाबालिकासँग साथी बनेर प्रलोभनमा पारी अश्लिल सामाग्री सामाजिक सञ्जालमा पोष्ट गरी चरित्र हत्या गर्ने र रकम समेत माग गरेको घटनाको अनुसन्धानको क्रममा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत काठमाडौंबाट विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, ३ भदौ*

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ग्रामथान गाउँपालिका-१ बस्ने २० वर्षीय विशाल हजारीलाई प्रहरीले पक्राउ गरेको छ । विशालले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय निमुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं ,१६ भदौ*

उदयपुर, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलका नगरपालिका-६ कात्तिके बस्ने २१ वर्षीय लाक्पा तामाङलाई प्रहरीले पक्राउ गरेको छ । लाक्पाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । सिन्धुली, १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दुधौली नगरपालिका-३ बस्ने २३ वर्षीय भक्त बहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । भक्त बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ढुङ्ग्रेबासबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । संखुवासभा, २७ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा मकालु गाउँपालिका-५ बस्ने भोटखोला गाउँपालिका-४ घर भएका ४३ वर्षीय किरण तामाङलाई प्रहरीले पक्राउ गरेको छ । किरणले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी नुमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १७ भदौ*

पर्वत, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कुश्मा नगरपालिका-९ बस्ने भोजपुर हतुवागढी गाउँपालिका-४ घर भएका ४१ वर्षीय श्री प्रसाद राईलाई प्रहरीले पक्राउ गरेको छ । श्री प्रसादले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । धादिङ, २४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा गजुरी गाउँपालिका५ बस्ने २२ वर्षीय राम कृष्ण - विकलाई प्रहरीले पक्राउ गरेको छ । राम कृष्णले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय

गजुरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बर्दिया, २० भदौ

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मधुवन नगरपालिका-५ बस्ने ३४ वर्षीय धन बहादुर चुदारालाई प्रहरीले पक्राउ गरेको छ । धन बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय ढोढरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ३ सय किलोग्राम गाँजा बरामद

सर्लाही, ३ भदौ

कौडेना गाउँपालिका-१ लक्ष्मीपुर बस्ने बिजनन पटेलको घरबाट अवैध लागूऔषध गाँजा करिब ३ सय किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा १५ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो ।प्रहरीले हाल फरार बिजननको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ६ सय ६० किलोग्राम गाँजा सहित दुई जना पक्राउ

*सर्लाही, ४ भदौ*

लालबन्दी नगरपालिका-१४ डाईनी खोला बस्ने ६३ वर्षीय नर बहादुर थिङ र ५२ वर्षीया जेसुन माया थिङलाई अवैध लागूऔषध गाँजा करिब ६ सय ६० किलोग्राम सहित प्रहरीले पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबास समेतबाट खटिएको प्रहरीले नर बहादुरको घर तलासी गर्दा २६ वटा बोरामा रहेको करिब ५ सय ६० किलोग्राम र जेसुन मायाको गोठ तलासी गर्दा ४ वटा ड्रममा रहेको १ सय किलोग्राम गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ३ सय ६७ किलो गाँजा सहित तीन जना पक्राउ

*काठमाडौं , ८ भदौ*

उदयपुर, कटारी नगरपालिका-४ मरूवा खोला नजिकबाट अवैध लागूऔषध गाँजा १ सय ९९ किलो ३ सय २० ग्राम सहित कटारी नगरपालिका-४ कान्छी बजार बस्ने रूपन्देही घर भएका २१ वर्षीय सोम मगरलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले बेतिनीबाट कटारीतर्फ आउँदै गरेको ना.७ ख ८१७३ नम्बरको टिपरलाई जाँच गर्ने क्रममा टिपरको ढालाभित्र लुकाई छिपाई राखेको ९ वटा बोराबाट उक्त परिमाणको गाँजा फेला पारी चालक मगरलाई पक्राउ गरेको हो। चितवन, राप्ती नगरपालिका-१० चिप्लेटीबाट अवैध लागूऔषध गाँजा करिब १ सय ६८ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-२ भिर्कुटीचोक बस्ने मध्यबिन्दु नगरपालिका-७ मिलनचोक घर भएका ५१ वर्षीय दिल्लीराम थारू र चितवन राप्ती नगरपालिका-१ पिप्ले बस्ने ३६ वर्षीय कर्ण बहादुर तामाङ रहेका छन् । जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले बा.प्र.०३-०१-०२३ च ५८२८ नम्बरको कारलाई जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी चालक दिल्लीराम र कारमा सवार कर्णबहादुरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ४ सय १३ किलोग्राम गाँजा बरामद

सुनसरी, १० भदौ

देवानगंज गाउँपालिका-१ मध्यहर्षाहीस्थित गोठबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ४ सय १३ किलो ९ सय ८० ग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय देवानगंज समेतबाट खटिएको प्रहरीले उक्त स्थानमा रहेको गोठ तलासी गर्दा उक्त परिमाणको पदार्थ फेला पारी बरामद गरेको हो। साथै प्रहरीले बिआर ३८ आर ०५५८ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ५ सय ७५ किलोग्राम गाँजा बरामद

*सुनसरी, १३ भदौ*

कोशी गाउँपालिका-३ श्रीपुरस्थित जंगलबाट अवैध लागूऔषध गाँजा करिब ५ सय ७५ किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सुनसरी समेतबाट खटिएको प्रहरीले उक्त स्थानबाट १७ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ हजार २ सय ४० किलो गाँजा बरामद

*धनकुटा, २४ भदौ*

साँगुरीगढी गाउँपालिका-७ फेदीबाट अवैध लागूऔषध गाँजा करिब १ हजार २ सय ४० किलो ६ सय ग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी मुलघाट समेतबाट खटिएको प्रहरीले धनकुटाबाट भेडेटारतर्फ जाँदै गरेको ना.४ ख ५२७ नम्बरको ट्रकलाई जाँच गर्न रोक्ने क्रममा चालक ट्रकबाट हामफाली फरार भएपश्चात ट्रक तलासी गर्दा ३८ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार ट्रक चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### विद्युतीय चुरोट (भेप) सहित चार जना पक्राउ

*काठमाडौं, ३० भदौ*

अवैध विद्युतीय चुरोट (भेप) सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-७ चावहिल बस्ने धादिङ घर भएका ४५ वर्षीय पूर्णलाल श्रेष्ठ, चन्द्रागिरी नगरपालिका-१६ सतुङगल बस्ने २७ वर्षीय शुभम गुप्ता, काठमाडौं महानगरपालिका-३ बस्ने रामेछाप घर भएका १९ वर्षीय राजन मोक्तान र ललितपुर च्यासल बस्ने काभ्रे पाँचखाल नगरपालिका-९ घर भएका १९ वर्षीय सक्षम श्रेष्ठ रहेका छन् ।काठमाडौं उपत्यकाको विभिन्न वडा एरियामा अवैध रूपमा विद्युतीय चुरोट (भेप) को भण्डारण तथा बिक्री

वितरण भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२२ स्थित आरएचएस इन्टरनेशनल प्रालि र सोही महानगरपालिका-६ चुच्चेपाटीस्थित रेसा कलेक्सनको गोदामबाट २ हजार ७ सय ७० थान विद्युतिय चुरोट (भेप) फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ।

### करिब १ सय ५ किलोग्राम गाँजा बरामद

*सिराहा, ३१ भदौ*

सिरहा *नगरपालिका*-१ बाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब १ सय ५ किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाबाट खटिएको प्रहरीलाई देख्नासाथ चौहर्वाबाट सिरहातर्फ आउँदै गरेको ज.१ च १२१३ नम्बरको एम्बुलेन्स छाडी चालक फरार भएपश्चात प्रहरीले एम्बुलेन्सलाई जाँच गर्दा ५ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा जस्तो देखिने पदार्थ फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार एम्बुलेन्स चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अन्य अपराध

### अनलाइन सट्टेबाजी खेल्नेखेलाउने कार्यमा संलग्न तीन / जना पक्राउ

*झापा, २६ भदौ*

अनलाइन सट्टेबाजी खेल्ने/खेलाउने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बिर्तामोड नगरपालिका-४ बस्ने ४१ वर्षीय किरण कान्दङवा, ३८ वर्षीय हेक्की श्रेष्ठ र २७ वर्षीय उज्जवल गुरागाँई रहेका छन्। बिर्तामोड नगरपालिका-४ स्थित वृक्ष क्याफेको परिसरमा अनलाइन सट्टेबाजी खेल्ने/खेलाउने कार्य भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत झापाबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री प्रकाशन/प्रसारण गरी घृणा द्वेष फैलाउने व्यक्ति पक्राउ

*काठमाडौं, २८ भदौ*

सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री प्रकाशन/प्रसारण गरी घृणा द्वेष फैलाउने कार्यमा संलग्न रहेको अभियोगमा टोखा नगरपालिका-८ बानियाटार बस्ने रूकुम पश्चिम आठविसकोट नगरपालिका-१२ घर भएका २७ वर्षीय जनक परियारलाई प्रहरीले पक्राउ गरेको छ।

सामाजिक सञ्जालहरूमा विपद्को अति संवेदनशील समयमा खोज, उद्दार तथा व्यवस्थापनमा अहोरात्र खटिएका सुरक्षा निकाय तथा राष्ट्रसेवकहरूका बारेमा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री विद्युतीय स्वरूपमा प्रकाशन गरी सुरक्षा निकाय तथा राष्ट्र सेवकहरू प्रति घृणा द्वेष फैलाई नागरिक र सुरक्षा निकाय बीचको सुमधुर सम्बन्धमा खलल पुऱ्याउने कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले काठमाडौं अनामनगरबाट पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको नगद सहित पक्राउ

*काठमाडौं, २८ भदौ*

काठमाडौं महानगरपालिका-२६ ठमेलबाट स्रोत नखुलेको नगद १३ लाख ७५ हजार रूपैयाँ सहित सोही ठाउँ बस्ने काभ्रे चौरी देउराली गाउँपालिका-३ घर भएका २० वर्षीय युवराज घतानेलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले बा.९७ प २६४४ नम्बरको स्कुटरलाई जाँच गर्दा उक्त नगद फेला पारी चालक युवराजलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### भरूवा बन्दुक बनाउन प्रयोग हुने सामाग्रीहरू बरामद

*स्याङ्जा, ४ भदौ*

वालिङ नगरपालिका-१२ कोखेबाट भरूवा बन्दुकको आकारमा काठ तथा फलाम जडित संरचना ७ थान ,भरूवा बन्दुकको फलामको नाल ३ थान र भरूवा बन्दुकको फ्रेम बनाउन प्रयोग हुने डाई १ थान प्रहरीले बरामद गरेको छ। वडा प्रहरी कार्यालय वालिङबाट खटिएको प्रहरीले उक्त सामाग्रीहरू फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ३७ थान भरूवा बन्दुक बरामद

*दाङ, ४ भदौ*

दाङ जिल्लाको विभिन्न स्थानका जंगलहरूबाट भरूवा बन्दुक ३७ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय दाङले गत भदौ १ गते देखि ४ गतेसम्म संचालन गरेको विशेष अप्रेशनमा शान्तिनगर गाउँपालिका-३ भित्री खोला सामुदायिक वनबाट २ थान, बङ्गलाचुली गाउँपालिका-४ भुमेबराह सामुदायिक वनबाट ४ थान, सोही गाउँपालिका-४ ल्वाङे भत्कुले सामुदायिक वनबाट १ थान, सोही गाउँपालिका-५ तल्लो मुर्कुटीबाट २ थान, सोही गाउँपालिका-८ हंसपुर दैले ढुङ्गा सामुदायिक वनबाट ५ थान, सोही गाउँपालिका-३ भेडाबारीस्थित राष्ट्रिय वनबाट २ थान, लमही नगरपालिका-७ बनैस्थित स्वर्गद्वारी सामुदायिक वनबाट ९ थान, सोही नगरपालिका-१ सुन्डबरी सामुदायिक वनबाट ४ थान, तुलसीपुर उपमहानगरपालिका-१४ दिव्य ज्योती सामुदायिक वनबाट १ थान, सोही उपमहानगरपालिका-१ छोटेस्थित नब दुर्गा सामुदायिक वनबाट १ थान, सोही उपमहानगरपालिका-३ कालामारी जंगलबाट २ थान, सोही उपमहानगरपालिका-१९ सुङ्गुर खोलास्थित कालिका सामुदायिक वनबाट १ थान, बबई गाउँपालिका-५ चक्ला राष्ट्रिय वनबाट १ थान, सोही गाउँपालिका-२ सुवाखोरे सामुदायिक वनबाट १ थान र घोराही उपमहानगरपालिका-१९ बाम्लास्थित पालुङ सामुदायिक वनबाट १ थान

भरूवा बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### १२ थान एकनाले भरूवा बन्दुक बरामद

*काठमाडौं, ७ भदौ*

सल्यान, बनगाड कुपिण्डे नगरपालिका-१२ स्थित भदाले सामुदायिक वनको ओडारबाट एकनाले भरूवा बन्दुक ७ थान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सल्यानबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो । गोरखा, आरूघाट गाउँपालिका-६ चिहानडाँडास्थित जंगलबाट एकनाले भरूवा बन्दुक ५ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय आरूघाटबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कटुवा पेस्तोल बरामद

*कञ्चनपुर, ८ भदौ*

भीमदत्त नगरपालिका-३ विष्णु मन्दिरस्थित जंगलको झाडीबाट कटुवा पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध हातहतियार निर्माण गरी बिक्री वितरण गर्ने तीन जना पक्राउ

*गुल्मी, २५ भदौ*

अवैध हातहतियार निर्माण गरी बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा छत्रकोट गाउँपालिका-५ बस्ने ४७ वर्षीय बुद्धि बहादुर कामी, ४१ वर्षीय झग बहादुर विक र ६० वर्षीय प्रेम बहादुर सिंजाली रहेका छन्।

अवैध हातहतियार निर्माण गरी बिक्री वितरण समेत गर्ने गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूको साथबाट भरूवा बन्दुक ९ थान, बन्दुकको नाल ४२ थान, काठको निर्माण हुँदै गरेको कुन्जी (बट) ८ थान, काठको बट ५ थान, फलामको गज २ थान, गोली छर्रा २ सय २१ थान, बन्दुकको चाँप पुर्जा ७ थान, बारूद जस्तो देखिने पदार्थ ८९ ग्राम ८५० मिलिग्राम, जंगली जनावरको ओखेटोपहार, हड्डी, छाला, भरूवा बन्दुकमा लाग्ने गोली ३ थान लगायतका सरसामान समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कटुवा पेस्तोल तथा भरूवा बन्दुक बरामद

*काठमाडौं, २६ भदौ*

बर्दिया, गेरूवा गाउँपालिका-२ पाताभारस्थित सडक छेउको झाडीबाट कटुवा पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय पाताभारबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो ।

प्युठान, नौबहिनी गाउँपालिका-३ हरियाली सामुदायिक वनबाट भरूवा बन्दुक १ थान र सोही गाउँपालिका-३ साराबाङ कबलिटी वनबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय लुङबहानेबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो ।

सिराहा, मिर्चैया नगरपालिका-७ कोप्चे डाँडास्थित जंगलबाट एकनाले भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । सुर्खेत, चौकुने गाउँपालिका-६ स्थित वनडाल सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ६ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बाबियाचौरबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कटुवा पेस्तोल सहित दुई जना पक्राउ

*रूपन्देही, ३० भदौ*

ओमसतिया गाउँपालिका-६ नारायणपुरबाट कटुवा पेस्तोल १ थान र सोही पेस्तोलमा प्रयोग हुने छर्रा २५ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय अमन कुमार धवल र २० वर्षीय सुनिल केवट रहेका छन् । जिल्ला प्रहरी कार्यालय रूपन्देही समेतबाट खटिएको प्रहरीले अमन कुमारको घर तलासी गर्दा उक्त हातहतियार फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आठ थान भरूवा बन्दुक बरामद

*दाङ, ३० भदौ*

दाङ जिल्लाका विभिन्न स्थानबाट एकनाले भरूवा बन्दुक ८ थान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय दाङ समेतबाट खटिएको प्रहरीले राजपुर गाउँपालिका-७ भैसाहीस्थित भैसाही खोलाको किनारबाट १ थान, बङगालाचुली गाउँपालिका-१ ठुलोभेरी सामुदायिक वनबाट २ थान, दंशीशरण गाउँपालिका-१ बुर्केसालस्थित झाडीबाट २ थान, शान्तिनगर गाउँपालिका-३ सिर्जना सामुदायिक वनबाट १ थान, लमही नगरपालिका-९ स्थित आमखोली सामुदायिक वनबाट २ थान एकनाले भरूवा बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ११ थान एकनाले भरूवा बन्दुक बरामद

दाङ २५ भदौ ,

दाङका विभिन्न स्थानबाट एकनाले भरूवा बन्दुक ११ थान प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी रामपुरबाट खटिएको प्रहरीले घोराही उपमहानगरपालिका-१ शिरूखर्क राष्ट्रिय वनबाट ६ थान, प्रहरी चौकी हाँसिपुरबाट खटिएको प्रहरीले बङ्लाचुली गाउँपालिका-८ कएनापानी सामुदायिक वनबाट २ थान र अस्थायी प्रहरी पोष्ट बन्गैबाट खटिएको प्रहरीले लमही नगरपालिका-७ नवशान्ती सामुदायिक वनबाट ३ थान एकनाले भरूवा बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## शीर्षक –कर्तव्य ज्यान सम्बन्धी कसूर

मिति २०८३।०५।०५ गते बिहान अं.१०:१० बजे जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं.१७ स्थायी घर भई हाल जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं.१० शंखमुलमा अवस्थीत आलोक ठाकुरले संचालन गरेको भ्याली ब्वाईज होस्टेलको कोठा १०९ मा बस्दै आएका वर्ष २२ को बसन्त कालाथोकीलाई जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं.०३ स्थाई घर भई हाल का.जि.का.म.न.पा.वडा नं.१० स्थित भ्याली बोईज होस्टेलमा बस्ने वर्ष १९ को प्रमित पटेल र ऐ.ऐ. स्थायी वतन भई हाल ऐ.ऐ.स्थीत ऐ होस्टेलमा बस्ने बर्ष १९ को शेखर यादव समेतले धारिलो हतियार चक्कु समेत प्रहार गरी सख्त घाईते अवस्थामा सोही होस्टेलको बाहिर पट्टी प्यासेजमा छाडी वारदात घटाई फरार रहेकोमा उपचारको क्रममा ऐ.मिति १२:०० बजे बसन्त कालाथोकीको निजामती कर्मचारी अस्पताल मिनभवनमा मृत्यु भएको घटनामा संलग्न जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं.०३ स्थायी घर भई हाल का.जि.का.म.न.पा.वडा नं.१० स्थित भ्याली बोईज होस्टेलमा बस्ने वर्ष १९ को प्रमित पटेल , ऐ.ऐ. स्थायी वतन भई हाल ऐ.ऐ.स्थीत ऐ होस्टेलमा बस्ने बर्ष १९ को शेखर यादव र होस्टेल संचालक जिल्ला महोत्तरी लोहारपट्टी नं.पा.वडा नं.०६ स्थायी वतन भई हाल का.जि.का.म.नं.पा.वडा नं.१० शंखमुल स्थित भ्याली ब्वाईज होस्टेलको संचालक वर्ष २३ को आलोक ठाकुर पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालतको मिति २०८३।०५।३१ गतेको आदेशले प्रतिवादीहरु प्रमित पटेल, शेखर यादव मुद्दा पूर्पक्षको लागि कारागार चलान भएको र आलोक ठाकुर साधारण तारिखमा छुटेको।

## मुद्दा शीर्षक: जबरजस्ती करणी

मिति २०८३।०४।३० गते बिहानको राती अं. ००:३० बजेको समयमा म गर्भवती महिला एकलै घरमा सुतीरहेको अवस्थामा जिल्ला उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. १० देवधार बस्ने प्रतिवादी अं. वर्ष ४६ को दिपेन्द्र मगर मेरो घरमा प्रबेश गरी निजले जबरजस्ती करणी गर्ने मनसायले मेरो शरीर माथी चढी मलाई थिची मेरो संवेदनशील अंगमा समेत समाति जबरजस्ती करणी उद्योग गरेको हुँदा निज दिपेन्द्र मगरलाई हदै सम्मको सजाय र जरिवाना गरिपाउँ भन्ने सांकेतिक वतन जिल्ला १४-CH-१० बस्ने सांकेतिक नाम ०८३/०८४-बेल्टार-'ख' को जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान पश्चात पेश हुँदा सम्मानित उदयपुर जिल्ला अदालतको मिति २०८३।०५।२४ गतेको आदेशले निज प्रतिवादी दिपेन्द्र मगरलाई पूर्पक्षको लागि कारागार चलान।

## मुद्दा शीर्षक: जबरजस्ती करणी

जाहेरवालीको छोरी बर्ष १२ की परिवर्तित नाम खुरखुरे (१) २०८३।०८४ लाई अन्यायी परिवर्तित नाम बज्रहठी (१) २०८३/०८४ साईला ठुलो बुवाले पटक-पटक घरमा कोही नभएको मौका छोपी घरमा आई पैसा दिई जबरजस्ती करणी गर्दै आएको र अन्तिम पटक मिति २०८३।०५।०६ गते बिहान अं.०९:०० बजेको समयमा समेत घरमा कोही नभएको मौका पारी अन्यायी परिवर्तित नाम बज्रहठी (१) २०८३/०८४ साईला ठुलो बुवाले जवरजस्ती करणी गरेको हुदाँ निज अन्यायी परिवर्तित नाम बज्रहठी (१) २०८३/०८४ लाई जबरजस्ती करणी सम्बन्धी कसूरमा हदै सम्मको कारबाही गरी पीडित छोरीले कानून बमोजिम पाउनु पर्ने क्षतिपुर्ती समेत दिलाई पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित चितवन जिल्ला अदालतको मिति २०८३।०५।३१ गतेको आदेशले परिवर्तित नाम बज्रहठी (१) २०८३/०८४)लाई पूर्पक्षको लागि कारागार चलान।

## मुद्दा शीर्षक: कर्तव्य ज्यान

जिल्ला सुर्खेत वि.न.पा. वडा नं. ९ कुईनेपानी जंगलमा मिति २०६४।१२।०९ गते जिल्ला सुर्खेत साविक गढी गा.वि.स. वडा नं. ५ बस्ने बर्ष ६ को जगत पोख्रेलको मृत्यु भएको घटना सम्बन्धमा अनुसन्धान गर्दै जाँदा निज बालकलाई निजकै बुबा देव बहादुर पोख्रेल र सौतेनी आमा माया चौधरी पोख्रेलले हत्या गरेको खुल्न बुझीन आएकोले कानून बमोजिम कारवाही गरी पाऊ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित सुर्खेत जिल्ला अदालतको मिति २०८३।०५।२४ गतेको आदेशले प्रतिवादी देव बहादुर पोख्रेल पूर्पक्षको लागि कारागार चलान भएको र माया चौधरी पोखरेल हाल सम्म फरार रहेको।

## मुद्दा शीर्षक: कर्तव्य ज्यान

मिति २०८३।०४।२६ गते रातको अं.२१:४० बजेको समयमा जिल्ला बागलुङ काठेखोला गा.पा. वडा नं. ०३ माझँकटेरा स्थित श्री निर्मल आधारभुत विद्यालयको भवनभित्र जिल्ला बागलुङ ढोरपाटन नगरपालिका वडा नं. ०५ बस्ने बर्ष २५ को अर्जुन घर्तीमगर र ऐ.ऐ. बस्ने बर्ष ३६ को रिखे दमाईले ऐ. ढोरपाटन न.पा. वडा नं. ०७ बस्ने बर्ष ३६ को अशोक खत्रीलाई धारिलो हतियार चक्कु (छुरा) प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निजहरुलाई कारवाही गरि पाउँ भन्ने समेत व्यहोराको मृतकको श्रीमती दिलमाया भण्डारीको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा मिति २०८३।०५।२४ गतेको सम्मानित बागलुङ जिल्ला अदालतको आदेशले प्रतिवादी अर्जुन घर्तीमगरलाई मुद्दा पूर्पक्षको लागि कारागार र प्रतिवादी रिखे नेपालीलाई रु.५०,०००।- धरौटी माग गरेकोमा धरौटी राख्न नसकी कारागार थुनामा राख्न पठाइएको ।

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक रुपेन्द्र नारायण श्रेष्ठ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी सहायक हवल्दार विमल राना मगर

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**